म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २६२ शुक्रबार २१ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 3 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डढेलोबाट बचौं र बचाऔं ।**

☞ सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
☞ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
☞ सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
☞ जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मकवानपुरका १० पालिकाको साढे ३१ करोड बढी अनुदान कटौती

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ चालु आर्थिक वर्ष २०८०/०८१ का लागि मकवानपुरका स्थानीय तहमा संघीय सरकारले उपलब्ध गराउने वित्तीय समानिकरण बजेट घटाएर पठाउने भएको छ ।

सरकारको ९ माघमा सम्पन्न मन्त्रिपरिषदको निर्णय अनुसार स्थानीय सरकारलाई पठाउने बजेट घटेर आउने भएको हो । २०८० चैत्रसम्मको राजश्व लक्ष्य र प्रगती अनुसार स्थानीय सरकारले पाउने अन्तिम तथा चोथो किस्तासम्म बजेट पठाउँदा ७४ दशमलव ११ प्रतिशतबाट नबढ्ने गरी बजेट पठाउन महालेखा नियन्त्रक कार्यालयले १२ वैशाखमा देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्र गरेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोगको सिफारिसमा संघीय सरकारले यस वर्षका लागि स्वीकृत गरेको बजेटमा देशभरका स्थानीय तहमा २५ दशमलव ८९ प्रतिशत बजेट घटाएर पठाउने भएको हो । जसमा मकवानपुरका १० वटा स्थानीय तहमा संघीय सरकारले ३१ करोड ७४ लाख बढी अनुदान रकम कटौती गर्ने भएको छ ।




संघीय सरकारले वित्तीय समानीकरण अनुदान सिफारिस भएकोमध्ये जिल्लामा रहेका एक उपमहानगरपालिका, एक नगर पालिका र ८ वटा गाउँपालिकामा कुल ३१ करोड ७४ लाख ११ हजार ४ सय रुपैयाँ बजेट घटेको हो । मकवानपुरका सबै पालिकालाई संघीय सरकारबाट चालु आर्थिक वर्ष २०८०/८१ का लागि कुल १ अर्ब २२ करोड ६० लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान सिफारिस भएको थियो ।

बजेटको आकार अनुसार प्रतिशतमा घट्ने भएको हुँदा हेटौंडा उपमहानगरपालिकाको सबैभन्दा बढी ८ करोड ३ लाख ६२ हजार ५६० रुपैयाँ बजेट घट्ने भएको हो । उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकाको १० वटा पालिकामध्ये सबैभन्दा कम १ करोड ८७ लाख ९६ हजार १४० रुपैयाँ घट्ने भएको हो । यसैगरी, उत्तरी क्षेत्रकै थाहा नगरपालिकाको ३ करोड २१ लाख ३ हजार ६ सय, भीमफेदी गाउँपालिकाको २ करोड ५२ लाख ९४ हजार ५३०, मकवानपुरगढीको २ करोड ५२ लाख १६ हजार २६० रुपियाँ समानीकरण अनुदान घट्ने भएको छ ।

जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकाको ३ करोड १ लाख ६१ हजार ८५०, बागमतीको २ करोड ३ हजार २७०, पश्चिमी क्षेत्रको मनहरी गाउँपालिकाको ३ करोड ११ लाख ७१ हजार ५६०, विकट कैलाशको २ करोड ३० लाख ९३ हजार ८८० र राक्सिराङ गाउँपालिकाको २ करोड ४२ लाख ७ हजार १५० रुपियाँ बजेट घट्ने भएको हो ।

अनुदान घटेर आउँदा जिल्लाका सबै स्थानीय तहको बजेटको आकारमा पनि प्रभाव पर्ने निश्चित छ । मकवानपुरगढी गाउँपालिकाको योजना शाखा प्रमुख प्रकाश न्यौपानेले अनुदान घटेर आउँदा बजेटसम्मै प्रभाव पर्ने बताए । थाहा नगरका सूचना अधिकारी सुरज भुजेलले स्थानीय तहहरुको वार्षिक स्वीकृत बजेट संघीय सरकारले कटौती गरेपछि योजना कार्यान्वयमा कठिन हुने थाहा नगर पालिकाका सूचना अधिकारी सुरज कुमार भुजेलले बताए । बजेट कटौती गरेर संघीय सरकारले पालिकाको वित्तीय प्रगति राम्रो भएन भन्न नमिल्ने उनले बताए ।

संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई ४ प्रकारका वटा अनुदान दिन्छ । जसमध्ये कुनै शर्त बिना नै तल्लो सरकारले आफ्नो बजेट बनाएर खर्च गर्न सक्ने अनुदान वित्तीय समानीकरण अनुदान हो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले संघीय सरकारबाट प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहको खर्चको आवश्यकता र फरक फरक राजस्व क्षमताका कारण सिर्जना हुने वित्तीय अन्तर घटाएर सन्तुलन कायम गर्न संघीय सरकारले बित्तीय समानीकरण अनुदान दिने गरेको छ । बागमती प्रदेश सरकारले भने स्थानीय तहको अनुदानमा कटौती नगरेको जनाएको छ ।

# 'बागमतीको ग्रामिण क्षेत्रमा बढी योजना केन्द्रित गरौं'

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले पहाडी तथा ग्रामीण क्षेत्रको आवश्यकतालाई बढी केन्द्रित गरी प्रदेश नीति तथा योजना आयोगले योजना बनाउनुपर्ने बताएका छन् ।



बिहीबार बार्षिक योजना तथा दोस्रो आवधिक योजना तर्जुमा सम्बन्धी रामेछाप र दोलखामा आयोजित जिल्लास्तरीय गोष्ठीमा बोल्दै उनले बढी योजना ग्रामिण क्षेत्रमा हुनुपर्ने जोड दिए । 'वर्तमान स्थितिको मूल्यांकन गरेर आगामी पाँच वर्षीय योजना तयार गर्नुपर्ने मन्त्री थपलियाको भनाई छ । 'डाटाविहीन योजना नहुने र प्राथमिक डाटा नभएमा सहायक डाटाको आधारमा योजना बनाउनुपर्छ,' मन्त्री थपलियाले भने ।

'आफ्नै डाटा सेन्टर स्थापना गर्न लागि पर्नुपर्छ । शिक्षा, स्वास्थ्य र रोजगारीको स्थिति निक्यौल गर्नुपर्ने र कर्मचारीलाई आफ्नो निर्धारित दायित्वमा निपुण भई कार्यसम्पादन गर्न मन्त्री थपलियाले सुझाव दिए । ठूलो बलिदानीबाट प्राप्त संघीयता र राज्य संरचनालाई बलियो बनाउन थप जरुरी रहेको उनको भनाइ थियो । राज्य संरचनाको विकेन्द्रीकरण सहित आगामी दिनहरुमा वित्तीय संघीयतालाई पनि थप प्रभावकारी बनाउँदै लैजानुपर्ने कुरामा जोड दिदैं उनले उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न नीति तथा योजना आयोगले रणनीतिहरु तर्जुमा गर्नुपर्ने बताए ।

दोलखाको कालिन्चोक, भिमेश्वर र जिरीलाई पर्यटन सर्किटका रुपमा विकास गर्न र पकेट क्षेत्रहरुको निर्धारण गरी रामेछापलाई जुनार र दोलखालाई चौरीको क्षेत्रका रुपमा विस्तार गर्न सुझाव दिए । आयस्रोतको वृद्धि र राजस्व वृद्धिका योजनाहरु विस्तार गर्नुपर्नेमा उनको जोड थियो । हरेक पालिकामा आफ्नै स्रोतमा उभिने सक्ने योजना बनाएर अगाडि बढ्नुपर्ने उनको भनाई थियो ।

'सत्ता समीकरण र संरचना फेरिए पनि योजना फेरिनुहुँदैन मन्त्री थपलियाले भने 'डाँडा पाखाहरुलाई पर्यटन आकर्षणको केन्द्र बनाउन नीति तथा योजना आयोगले योजना बनाएर काम गर्नुपर्छ ।,'

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेशका उपाध्यक्ष डा. नरबिक्रम थापा, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार डीपी ढकाल, रामेछाप र दोलखाका पालिका प्रमुख तथा उपप्रमुखहरुको सहभागिता रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# मकवानपुरका दुईजना बाराबाट पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ प्रहरीले लागूऔषध ओसारपसारको आरोपमा मकवानपुरका दुई जना युवा पक्राउ परेका छन् ।



लागुऔषध गाँजा सहित बाराबाट पक्राउ पर्नेमा ट्रक चालक मकवानपुरको मनहरी गाउँपालिका-२ स्थायी घर भएका ३२ वर्षीय आकाश भन्ने दीपक कोइराला र ट्रकमा सवार हेटौंडा-१३ पदमपोखरीका ३० वर्षीय जीवन घलान छन् । उनीहरुलाई बारा प्रहरीले पक्राउ गरेको हो ।

बाराको रतनपुरबाट निजगढतर्फ जाँदै गरेको ना ५ ख ७५५२ नम्बरको ट्रकलाई निजगढ नगरपालिका-१० लालपार्कस्थित सडकमा प्रहरीले रोकेर चेकजाँच गर्दा दुई क्वीन्टल १६ केजी गाँजा भेटिएपछि ट्रक चालक कोइराला र घलानलाई नियन्त्रणमा लिएको बाराका प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । दुवै जनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**कैलाशका मुक्तान पनि पक्राउ**

हेटौंडा उपमहानगर पालिका-१५ बाट लागुऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा कैलाश गाउँपालिका-१० बस्ने बर्ष ४० को पाल्साङ मुक्तान छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुधबार हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ५ ख ५२६७ नम्बरको यात्रुबाहक बसमा सवार यात्रु मुक्तानलाई शंका लागेर चेकजाच गर्दा ५ किलो १०० ग्राम लागुऔषध गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवापनुरले जनाएको छ । उक्त गाँजासहित मुक्तानलाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिए थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# पत्रकार महासंघको निर्वाचन जेठ १९ लाई तय

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत नेपाल पत्रकार महासंघ जिल्ला, प्रदेश र केन्द्रीय समितिको निर्वाचन जेठ १९ गतेका लागि तोकिएको छ ।




बिहीबार बसेको महासंघको केन्द्रीय समिति बैठकले केन्द्र, प्रदेश र जिल्ला समितिको मतपेटिका प्रत्येक शाखामा राखेर विधान बमोजिम प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत देशैभर एकै दिन मतदान गर्ने निर्णय गरेको हो । प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचन हुन लागेको यो दोस्रो पटक हो । पोखरा महाधिवेशनबाट विधान संशोधन भएपछि तीन वर्षअघि चैतमा पहिलो पटक प्रत्यक्ष प्रणालीबाट निर्वाचन भएको थियो ।

बैठकले सदस्यता वैशाख मसान्तभित्र शुद्धीकरण समिति र संगठन समितिले टुंगो लगाउने निर्णय गरेको छ । महासंघले देशैभर शुद्धिकरण अभियान चलाएको थियो । आज शुक्रवारका लागि महाधिवेशनमा पेश हुने महासचिवको सांगठनिक र कोषाध्यक्षको आर्थिक प्रतिवेदन बैठकले पारित गरेको जनाइएको छ । साधारणसभा भएको एक महिनाभित्र निर्वाचन गरिसक्नु पर्ने विधानतः व्यवस्था छ ।

Education is the real treasure

**ADMISSIONS OPEN FOR 2081**
**From Nursery to Grade 9**

**Scholarships**
a feature of socially responsible institution ....



Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

Hurry Up !
Seats are limited
Book your seat on time

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# फोहोरको उचित विसर्जन गरौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घरपालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाकलापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २२ गते शनिबार ४ मे २०२४ । एकादशी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२४, सूर्यास्त ६:३९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# समृद्धिको सारथि बन्न सक्छ सूचना प्रविधि



✍ डा. मधुसूदन दाहाल

'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' को नाराका साथ मे २ मा सूचना तथा सञ्चारप्रविधि दिवस मनाइएको छ । सूचना तथा प्रविधि नीति २०७२ सालमा सन् २०२० सम्ममा डिजिटल साक्षरता ७५ प्रतिशत पुऱ्याउने, आईसीटी क्षेत्रको जीडीपीमा योगदान २.५ प्रतिशत पुऱ्याउने र ५५ प्रतिशत सरकारी सेवालाई अनलाइन बनाउने लक्ष्यहरू राखिएको थियो । तर २०८० सालको सरकारी तथ्याङ्क हेर्दा डिजिटल साक्षरता ४५ प्रतिशत पुगेको छ । जीडीपीमा यो क्षेत्रको योगदान १.९४ प्रतिशत रहेको छ भने ५३ प्रतिशत सरकारी सेवा अनलाइन भएका छन् । पाँच वर्षको लागि २०७२ सालमा राखिएको लक्ष्य झण्डै १० वर्ष पुग्न लाग्दा पनि हासिल नभएको प्रष्ट देखिन्छ ।

अन्तर्राष्ट्रिय दूरसञ्चार संगठनले आईसीटी ग्लोबल इन्डेक्समा नेपाल १०१औं स्थानमा रहेको देखाउँछ । त्यसैगरी नेपाल सरकारले सन् २०१९ मा जारी गरेको डिजिटल नेपाल फ्रेमवर्कमा स्थापित ८ कार्यक्षेत्र तथा ८० क्रियाकलापले पनि सोचे जस्तो सफलता हासिल गर्न सकेको देखिंदैन, जसलाई लिएर यो क्षेत्र उत्साहित भएको थियो । नारामा मात्र सीमित यस्ता तथ्याङ्कहरूले नेपालमा सूचनाप्रविधि क्षेत्रमा रहेका चुनौती, चुनौतीमा रहेका अवसर र अवसरलाई कार्यान्वयन गर्न अपनाउनुपर्ने रणनीतिको आवश्यक पर्छ ।

### चुनौती, अवसर तथा रणनीति

### १. सीमित पूर्वाधार

सूचनाप्रविधिको पूर्वाधारको प्रमुख मानकको रूपमा विश्व बैंकले इन्टरनेट र इन्टरनेट सञ्चालन गर्न आवश्यक पर्ने विद्युत्लाई लिएको छ । नेपालको भौगोलिक विकटताले गर्दा इन्टरनेटको पहुँच र गुणस्तरीय इन्टरनेट तथा भरपर्दो विद्युत्को पहुँच नपुगेको विभिन्न अध्ययनले देखाएका छन् । नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदनमा उल्लेख भए अनुसार अहिले पनि देशका प्रमुख शहरहरूमा मात्र गुणस्तरीय इन्टरनेट उपलब्ध रहेको छ ।

सरकारी स्वामित्व रहेको नेपाल टेलिकमले देशको झण्डै ७४२ स्थानीय निकायमा फोरजी सेवा विस्तार गरेको छ तर विद्युत्को पहुँच नहुँदा, योजना गरिएको स्थानमा टावर राख्न नपाउँदा र फाइबरको पहुँच पुऱ्याउन नसक्दा गुणस्तरीय सेवा प्रदान गर्न नसकिएको स्वीकार्दै आएको छ । साथै देशका हिमाली क्षेत्रमा सूचनाप्रविधिको पूर्वाधार बनाउन निकै ठूलो लगानी लाग्ने भएर पनि सेवा प्रदायक खासै उत्साहित छैनन् ।

नेपालको भौगोलिक विकटताले विकासको गतिलाई केही मात्रमा सुस्त बनाइराखेको छ । त्यही सुस्त गतिलाई चिर्न सबैभन्दा सजिलो भनेकै मोबाइल प्रविधि हो जुन सूचनाप्रविधिको मेरुदण्ड हो । विशेषगरी नेपाल टेलिकमले दूर दराजमा समेत सेवा विस्तार गरिरखेको छ तर पर्याप्त छैन । लाभ अनुपातमा लगानी धेरै हुने भएकोले सेवा प्रदायक पनि धेरै उत्साहित भइराखेका छैनन् ।

निजी मोबाइल सेवा प्रदायकलाई नेपाल सरकारले आफ्नो स्वामित्वमा लिन लागेको जस्तो देखिन्छ यसले मोबाइल सेवालाई पार्ने असरको छुट्टै विश्लेषण गर्नुपर्छ । स्मार्ट टेलिकमको हालत हामी सबैलाई थाहा नै छ । मोबाइलमा आधारित प्रविधिले स्वास्थ्य, कृषि, शिक्षा क्षेत्रमा क्रान्ति गर्न सकिने धेरै देशहरूबाट देखिइसकेको छ ।

अन्य मुलुकमा जस्तै डिजिटल पूर्वाधारमा सरकारले लगानी गर्नुपर्छ र निजी सेवा प्रदायकहरूलाई प्रयोग गर्न दिएर प्रतिस्पर्धी वातावरण तयार गर्न सकिन्छ । विशेषगरी धेरै लगानी लाग्ने विकट क्षेत्रहरूमा सरकार आफैंले ग्रामीण दूरसञ्चार विकास कोषद्वारा पूर्वाधार विकासमा जोड दिनुपर्छ ।

### २. डिजिटल डिभाइड

नेपालमा डिजिटल डिभाइडको अन्तर निकै ठूलो रहेको सरकारी तथ्याङ्कले नै देखाउँछ । २०८० सालमा देशको डिजिटल साक्षरता जम्मा ४५ प्रतिशत रहेको छ । यो भनेको अझै पनि ५५ प्रतिशत सूचनाप्रविधिको अवसरबाट वञ्चित रहेका छन् । भौगोलिक स्थान, आय तथा लैंगिकको असमानताले सूचनाप्रविधिको पहुँचलाई फरक पारिराखेको र नेपालमा यसको खाडल निकै ठूलो रहेको युनेस्कोले जनाएको छ ।

त्यसैगरी अल्पसंख्यक, सीमान्तकृत समुदायमा साक्षरता र सीपको कमीले पनि डिजिटल डिभाइड कमी गर्न कठिनाइ भइरहेको विभिन्न अध्ययनले देखाएको छ । भौगोलिक स्थान, आय तथा लैंगिकताको आधारमा विभिन्न साक्षरता कार्यक्रम सरकार र सरोकारवाला निकायहरूले चलाउनुपर्छ । यस्ता कार्य गर्दा निश्चित स्थानका स्थानीयहरूको पनि सहभागिता गराई कार्य गरेमा राम्रो प्रतिफल आउने देखिन्छ ।

साथै मुलुकमा सुशासन कायम गर्न पनि सरकारी सेवालाई प्रविधिमैत्री बनाउनुपर्छ । त्यसको लागि सबै सरकारी कामकारबाहीलाई सूचनाप्रविधिसँग जोड्नुपर्छ । संयुक्त राष्ट्रसंघका अनुसार सुशासनको प्रत्याभूति गर्न गुणस्तरीय सेवा विस्तार तथा पारदर्शिता कायम गर्न विद्युतीय सुशासन मार्फत गर्न सकिन्छ । डिजिटल प्लेटफर्महरूले नागरिकहरूको संलग्नता र सहभागिताको लागि अवसरहरू बढाउँछ ।

### ३. नियामक र नीतिगत मुद्दा

नेपाल सरकारले सूचना तथा प्रविधिलाई नियमन गर्न राष्ट्रिय साइबर सुरक्षा नीति २०८०, सूचना तथा सञ्चारप्रविधि नीति २०७२ र दूरसञ्चार ऐन २०५३, दूरसञ्चार नियमावली २०५४, दूरसञ्चार नीति २०६० आदि जारी गरेको छ । हालसालै सम्पन्न लगानी सम्मेलनमा पनि देखिएको विषय भनेकै नेपालका नीतिहरू समयानुकूल नभएका कारण सूचनाप्रविधिमा सोचे अनुसार लगानी र नवप्रवर्तन आउन नसकेको देखिन्छ ।

हाल सूचनाप्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० को मस्यौदा माथि सरोकारवालाहरूको व्यापक सहभागिता गराउनुपर्ने देखिन्छ । लगानी सम्मेलनलाई मध्यनजर गरी केही नेपाल ऐन संशोधन अध्यादेश जारी गरी आईटी कम्पनीलाई विदेशमा शाखा खोल्ने बाटो खुलाइएको छ ।

लगानी सम्मेलन मार्फत डाटा सेन्टर, आईटी/टेक्नोपार्क, कम्प्युटर हार्डवेयर डिजिटल सर्भिस सेन्टर, स्मार्ट फोन म्यानुफ्याक्चर, एसेम्बली प्लान्ट, आईसीटी ट्रेनिङ सेन्टर तथा एसेम्बली प्लान्ट, इन्कुवेशन सेन्टर र फिल्म सिटी गरी महत्वपूर्ण आठ ओटा परियोजना अघि सारिएको थियो तर डाटा सेन्टर बाहेक अरूमा खासै रुचि देखाएनन् लगानीकर्ताहरूले ।

प्रतिस्पर्धी र नवप्रवर्तन गर्नको लागि विद्यमान कानुनलाई समयानुकूल बनाउनु महत्वपूर्ण हुन्छ । प्रविधि परिवर्तन भएसँगै विद्यमान कानुन अद्यावधिक हुनुपर्छ । विशेषगरी साइबर सुरक्षा जस्ता संवेदनशील क्षेत्रमा अझ संवेदनशील भएर कानुन अद्यावधि गर्नुपर्छ ।

### ४. साइबर सेक्युरिटीको चासो

डेटा सुरक्षा र साइबर सुरक्षा नै मानक हुन् सूचनाप्रविधिको । सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरेको छ । विभिन्न आपराधिक घटनाहरू सूचनाप्रविधि मार्फत हुने क्रम ह्वात्तै बढेको छ । सरकारी वेबसाइटहरू ह्याक भएका, सर्भरहरू डाउन भएर घण्टौं सेवा अवरुद्ध भएका घटनाहरू धेरै देखिएका छन् ।

नेपालमा भइराखेको साइबर सुरक्षा सीमित क्षमताका कारण साइबर आक्रमण बढिरहेको तथा डाटा सुरक्षामा पर्याप्त प्रणाली नहुँदा समेत सूचनाप्रविधिमा लगानीको वातावरण नदेखिएको हो । त्यसैगरी साइबर सुरक्षा सम्बन्धी जानकारी, साइबर आक्रमण हुन नदिन र भइहाले अपनाउनुपर्ने नवीनतम प्रविधि नहुनु प्रमुख समस्या हो । युनेस्कोका अनुसार शैक्षिक पाठ्यक्रममा सूचनाप्रविधिको समायोजनले शैक्षिक गुणस्तरमा वृद्धि हुने र त्यसबाट हुने उपलब्धि पनि बढी हुन्छ । विश्व बैंकका अनुसार सीप विकासमा अनलाइन शैक्षिक विधिको महत्त्वपूर्ण भूमिका रहन्छ ।

सूचनाप्रविधि नवप्रवर्तन तथा नवीनता हबहरूको लागि समर्थनले उद्यमशीलतालाई सकारात्मक प्रभाव पार्ने तथा सामाजिक रूपमा नवप्रवर्तन र सामुदायिक विकास परियोजनहरूको लागि सूचनाप्रविधिले पुऱ्याउने लाभ असीमित हुने देखिन्छ । आईसीटी स्टार्ट अप तथा विभिन्न कार्यक्रमहरूलाई लगानी गर्ने वातावरण बनाउनुपर्छ । लगानीमैत्री तथा स्टार्टअप कार्यक्रममा लगानी गर्ने कानुनी तथा वित्तीय वातावरण तयार गर्नुपर्छ ।

तसर्थ, आजको विश्वमा अझ विकासोन्मुख राष्ट्रहरूमा सूचनाप्रविधिको अवसर असीमित रहेको विभिन्न अनुसन्धानले देखाएका छन् । हार्वर्ड विश्वविद्यालयको हार्वर्ड ग्रोथ ल्याबले जनाए अनुसार विश्वमा नेपालबाट सूचनाप्रविधि क्षेत्रको निर्यात सन् २०२१ मा झण्डै ६७ अर्ब बराबर भएको थियो जुन कुल निर्यातको २५ प्रतिशत थियो । सन् २०२४ मा सूचनाप्रविधिको निर्यात बढेर १ खर्ब नाघ्ने अनुमान गरिएको छ । यो सम्भव भएको नेपालका सूचनाप्रविधिका उद्यमी, विद्यार्थी र यस क्षेत्रमा विज्ञका कारणले नै हो । स्वस्फूर्त रूपमा भइराखेका यस्ता कार्यलाई सरकारले आवश्यक सहजीकरण गऱ्यो भने सूचनाप्रविधिको राष्ट्रिय अर्थतन्त्रमा उल्लेख योगदान हुने देखिन्छ र सो पहलकदमी गर्न ढिलो भइसकेको छ ।

भर्खरै समापन भएको लगानी सम्मेलन २०२४ को उद्घाटनका क्रममा नेपाल सरकारले अघि सारेको आठ परियोजनामध्ये एउटा 'डाटा सेन्टर' निर्माण तथा सञ्चालनको परियोजनामा हस्ताक्षर भयो जसलाई उत्साहजनक लगानी भएको मान्न सकिन्न । नेपालमा विकासको अवधारणा बनाउन सूचनाप्रविधिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जस्तै: सूचना पहुँच, आर्थिक विकास, शिक्षा तथा सीप विकास, स्वास्थ्य सेवा सुधार, कृषि नवप्रवर्तन, सुशासन र नागरिक संलग्नता गराउन, पूर्वाधार विकास, सामाजिक आर्थिक समावेशीकरण, विपद् व्यवस्थापन, वातावरण स्थिरताको क्षेत्रमा सूचनाप्रविधिको पहुँच पुऱ्याउन सके आर्थिक समृद्धि हासिल गर्न धेरै समय लाग्ने छैन ।

*(साभार: अनलाइनखबर)*

# नि:शुल्क त के नै छ र आज नेपालमा ?

✍ मुक्तिबन्धु

हामीकहाँ शुल्क शब्द चलनचल्तीमा आएको केही दशाब्दीअघिबाट नै हो । कति मानिस शुल्क भन्न नआएर शुक्ल भन्छन् । यो शब्द हाम्रो चलनचल्तीमा नयाँ हुनुको प्रतिफल हो यो । ज्याला, निमेक, मोल हाम्रा चलनचल्तीका रैथाने शब्दहरु हुन् । पारिश्रमिक शब्द पनि हाम्रो आकाशमा नयाँ हो । पारितोषिक त हामीले अझै भन्न जानेका छैनौं । शब्दहरु त थिए, छन् । हामी भाषामा गरिब होइनौं । प्रयोगमा केही अलमलिएका हौं ।

शुल्क र मूल्य समानार्थी शब्द हुन्, पर्यायवाची हुन् । तर पनि प्रयोगमा समानधर्मी छैनन् । हामी नि:शुल्क शिक्षा नि:शुल्क स्वास्थ्य भनिएको सुन्छौं । नि:शुल्क भोजन पनि यदाकदा सुन्छौं । सँगै सशुल्क भोजन भनिएकोचाहिँ कतै सुन्दैनौं । विनामूल्य शिक्षा, विनामूल्य स्वास्थ्य भनिएको पनि सुन्दैनौं । लाग्छ, भाषामा कतै अलमल छ ।

सामान्यत: परम्परागत लवजमा हामी सेवालाई सशुल्क र नि:शुल्क भन्दैनौं, किनभने हामी सेवालाई वस्तु ठान्दैनौं । सेवालाई त हामी सेवा मात्र ठान्छौं । व्यापारीकरण हुनुअघि शिक्षालाई सेवा भनिन्थ्यो । स्वास्थ्यलाई सेवा भनिन्थ्यो । लेखापढी र कानुनी सरसल्लाहलाई पनि सेवा भनिन्थ्यो । व्यवसाय भनिन्थेन । सरकारी कर्मचारी भर्ना भएर गरिने कामलाई समेत पनि सेवा भनिन्थ्यो । कर्मचारीलाई देशसेवक भनिन्थ्यो । यसैले मेसो मिलाएर कर्मचारी छान्ने र सिफारिस गर्ने निकायलाई पनि लोक सेवा आयोग भनियो । सेवा हाम्रो रैथाने परम्परा हो । यसमा पूर्वीय संस्कृति र सभ्यताको संवेदनशीलता छ । मुलुकमा प्राय: राजनीतिक नियत र धर्मपरिवर्तन लक्ष्यका विदेशी सोच-संस्कृतिका गैर सरकारी संस्थाहरु भित्रिएपछि सेवा शब्दबाट क्रमश: सेवाभाव खुइलियो । देशभक्ति नै खुइलिएपछि देशसेवक शब्दको अभिप्रायार्थ पनि खुइलियो । अब बोलीका सेवाहरु व्यवहारमा सेवा रहेनन् ।

शिक्षा र स्वास्थ्य पनि अब सेवा रहेनन् । नयाँ प्रचलित परिप्रेक्ष्यबाट नियाल्दा शिक्षासेवी, स्वास्थ्यसेवीजस्ता शब्दहरु आडम्बरका आवरणजस्ता लाग्न थाले । बरु शिक्षा व्यवसायी, स्वास्थ्य व्यवसायी, कानुन व्यवसायीजस्ता शब्दसंयोजनहरु व्यवहारमा चरितानुकूल सुनिन थाले । अब त राजनीति पनि साँच्चिकै व्यवसायमा रुपान्तरित भइदियो । व्यवसाय भनेपछि मोलमोलाइ र नाफा-घाटाका कुरा त हुने नै भए । व्यवसाय नाफाका लागि गरिन्छ, घाटाका लागि होइन भनिनु र मानिनु पनि स्वाभाविकै भयो ।

कुनै समय थियो । शिक्षा गुरुकुलमा उपलब्ध गर्न सकिन्थ्यो । गृहस्थ गुरुका पिँडीमा उपलब्ध गर्न सकिन्थ्यो शिक्षा । शिक्षा नि:शुल्क थियो । र, पनि आजभन्दा ८० वर्षअघिको भारत वर्षमा भनिन्थ्यो 'गुरुसुश्रूषया विद्या पुष्कलेन धनेन वा । अथवा विद्यया विद्या चतुर्थी नोपलभ्यते ।' यो समय र संस्कृति कतै हाम्फालेको परिणाम थियो । नेपालमा गुरुका घरमा गएर पाठ लिने, पाठ बुझाउने परिपाटी आजभन्दा पचास-साठी वर्षअघिसम्म पनि चलनचल्तीमै थियो । पाठ लिनु र पाठ बुझाउनुको शुल्क लाग्थेन । गुरुहरु शिष्य आइदिएको र पढाउन पाइएकोमै खुशी थिए ।

एक समय थियो, सेवालाई जसकसैले पूरा गर्न नसकिने परम गहन धर्म मानिन्थ्यो । सेवा धर्म: परम गहनो योगिनामप्यगम्य: । सेवामा स्वार्थ परिकल्पना त थिएन भने शुल्क परिकल्पना हुने कुरै थिएन । सेवा नि:स्वार्थ र नि:शुल्क नै हुन्थ्यो । गाउँ, बस्ती र शहरमा पनि बाटो निर्माण, मर्मत, धारा, कुवा, पानी-पँधेरो, पौवापाटी, हिटी, धर्मशाला, चौतारा अदि निर्माण र व्यवस्थापन, मठ-मन्दिरहरुमा सदावर्त परिपाटी सबै सेवाभावका सृजन थिए । सेवामा सन्तोषको अनुभूति फल्थ्यो । आफूले जानेको ज्ञान-सीप अरुलाई सिकाउँदा मानिसहरु सन्तुष्ट र आनन्दित हुन्थे । कुनै बिरामीको उपचार गरेर निको पारि दिन पाउँदा वैद्यहरु कृतकृत्य हुन्थे । मेरो ज्ञान मेरो अभ्यास आज यी रोगपीडितलाई रोगमुक्त हुनमा काम लाग्यो, म धन्य भएँ भन्थे । पढाकू शिष्य पाउँदा गुरुहरु त्यत्तिकै दङ्ग पर्थे ।

यी पौराणिक कुरा होइनन् । ६-७ दशकअघिसम्मको इतिहास हो हाम्रो नेपाली समाजको । अहिले नेपालमा त्यो पुस्ताको समाज छैन । नयाँ पुस्ताले पुराना पुस्ताको सेवामूलक संस्कृतिको सार्थकता बोध गरेको छैन । जानी नजानी अनुशरण गरेको पनि छैन । केही अपवादलाई पर्गेल्नतिर नलागी भन्ज्याङमा उभिएर अगाडि-पछाडि हेर्दा के देखिन्छ भने, अब जीवनको पुरानो मूल्यबोध समाजका मनमस्तिष्कका लेखन पाटीहरुमा छैनन् । ती मेटिइसकेका छन् र त्यहाँ नयाँ मूल्य कोरिएका छन् । लाग्छ, पूर्वीय जीवन दर्शन आज जीवन व्यवहारबाट पछाडि घचेटिएको छ र अटेसमटेस गर्दै पाश्चात्य जीवन दर्शन त्यहाँ ढिम्किन आइपुगेको छ । त्यहाँ त्याग, योग, परहित, पर उपकार, परार्थ, पर मार्थ केही पनि छैन । स्वार्थ, केवल स्वार्थको दावानल चटचटाइरहेको छ । असीम बुभुक्षा छ । भष्मासुरी तृष्णा छ । जहाँ विवेक अनुपस्थित छ । यो नेपाली माटोको मौलिक उपज होइन र यही यस देशको इतिवृत्त पनि होइन ।

हो, वर्तमान भयावह छ । समाजमा जीवन दर्शनको लडाइँ छ । सभ्यताको लडाइँ छ । धेरै जटिलताहरु झाङ्गिएका छन् । विघटनमुखी हावाहुरी पनि चलेको छ । यति हुँदा पनि नेपालीहरुभित्र अन्तष्करणमा कतै परम्परागत सभ्यता र संस्कृतिको रेसमी धागो तरोताजा छ, हम्मेसि चुँडिने अवस्थामा छैन । नेपाली मन त्यहीँ उजिन्डिएर झुन्डिएको छ । साँच्चै नेपाली मन-मुटु विघटनमुखी छैन । भस्मासुर प्रवृत्ति त्यहाँ प्रवेश गर्न सक्दैन । नेपालको भाग्य भविष्य पलाउने उर्बर माटो त्यही हो । नेपाली मन आशावादी छ ।

हो, आज हामी रैथाने नेपालीहरु संस्कृतिगत बिचल्लीमा छौं । यो बिचल्ली बहुआयामिक छ । यसैले जताततै आमनेसामने भइन्छ । जति सचेत हुँदा पनि अल्झिन र लडिन सकिन्छ । व्यवहारका पाठ्यपुस्तकहरुमा आज मान्छेका मोलका पाठहरु पढ्न पाइन्छन्, मानवीय मूल्यबोधका पाठ्यहरु पढ्न पाइँदैनन्, छैनन् । सचेत, स्वप्नशील, देशभक्त नागरिकका लागि आज पाइला-पाइलामा अन्यौल छ ।

यो यस्तो व्यापक ठगाठगको परिवेशमा हालैका दिनमा कामपाले गरेको एक विज्ञापनले सचेत जनताको ध्यानाकर्षण भएको छ ।

गरीब, विपन्न, असहाय हो भन्ने स्थानीय सरकारको सिफारिस लिएर आएका अवस्थामा बिरामीलाई काठमाडौं महानगर पलिकाका अस्पतालहरुमा नि:शुल्क उपचार सेवा दिइन्छ भन्ने विज्ञापन पढ्न पाउँदा रमाइलो लाग्यो । यसै बीच मनमा तर्कहरु उठे । उपचार नि:शुल्क कसरी सम्भव हुन्छ हँ ? औषधि किन्नुपर्छ । सरसामान किन्नुपर्छ, ठाउँ किन्नुपर्छ । चिकित्सक र सेविकाहरुको समय किन्नुपर्छ । सेवा किन्नुपर्छ । सित्तै त केही नि पाइँदैन । अनि उपचार नि:शुल्क कसरी हुन सक्छ ? यो शब्द संयोजन नै भ्रामक छ । यो त हाम्रा फटाहा नेताहरुले राजनीति गर्दा प्रयोग गर्ने लवजजस्तै भएन र ? उनीहरु आफू विदेशमा गएर उपचार गराउँछन् र सहयोग पाएको भन्छन् । नि:शुल्क भन्छन् । जबकि तिनका उपचारबापत करोडौं रुपियाँ नेपाल सरकारको ढुकुटीबाट जान्छ । ओलीजीको उपचारमा माात्र पटक-पटक गरी सोह्र-सत्र करोड रुपियाँ नेपाल सरकारको ढुकुटीबाट खर्च भएको सुनिएको हो । विगत तीस वर्षमा बिचरा बूढा नेताहरुको वैदेशिक उपचारमा मात्र राष्ट्रिय ढुकुटीबाट अर्बौं खर्च भएको छ । पछिल्लो कालमा पनि राष्ट्रपति रामचन्द्र महोदयलाई रुघा लाग्दा र विदेशमा उपचार गर्दा लाखौं रुपियाँ सरकारी ढुकुटीबाट गएको पनि सुनिएको हो । जसले उपचार पायो उसले उपचारबापतको शुल्क तिर्नु नपर्दा त्यो उपचार नि:शुल्क हुन्छ त ? पैसा नेताले तिरेनन्, सरकारले तिऱ्यो । सरकारी पैसाको भाउ हुँदैन ?

यो त नेतागणका लीलासंस्कृतिका कुरा हुन् । नेताहरु सधैं भ्रामक भाषा बोल्छन् । साँचो बोल्ने साहस नेपालका सत्तासीन नेताहरुमा छैन । बालेन नयाँ हुन् । अद्यावधि उनको अभिलेख राम्रो छ । बालेनले नेतृत्व गरेको महानगरपालिकाले जनतासँग भ्रामक भाषा नबोल्नु राम्रो हुन्छ । हामी जनताका विचारमा आजको कामपाले सूचनामा स्पष्ट भनिदिनुपर्छ, 'मुलुकभित्रका बिरामी गरिबले सिफारिस लिएर आएमा कामपाको पहलमा काठमाडौंका अस्पतालमा उपचार पाउन सक्छन् । उपचारबापतको पैसा गरिब बिरामी आफैंले तिर्नु-बेहोर्नुपर्दैन । जो लागेको खर्च महानगरपालिकाले बेहोर्छ । यसरी बिरामीका लागि उपचार नि:शुल्क उपलब्ध गराइनेछ ।'

सेवाको अनिकाल परेको आजको नेपालमा यथार्थमा कसका लागि नि:शुल्क के छ र ? सरकारी विद्यालयहरुमा माध्यमिक कक्षासम्म शिक्षा नि:शुल्क भन्नु पनि त्यस्तै भ्रामक अशुद्ध अभिव्यक्ति फिँजाउनु हो । शिक्षक, कर्मचारी, सेवादायी कोही पनि स्वयंसेवी पाइँदैनन् । चक, डस्टर, कलम, कागत, पुस्तकलगायत शैक्षिक सामग्री सित्तै पाइँदैन, किन्नुपर्छ । शिक्षक-कर्मचारीलाई सरकारले जागिर दिन्छ । सहुलियत दिन्छ । आवश्यक सामग्री जुटाउन मसलन्दका शीर्षकमा बजेट दिन्छ । यसै त सरकारी ढुकुटीको पैसा सबै जनताले विभिन्न किसिमका प्रत्यक्ष, अप्रत्यक्ष कर तिरेर थुपारेको खुद जनताकै सम्पत्ति हो ।

त्यसरी जनताको पैसा सरकारी हातले खर्च भरेर दिइने शिक्षा नि:शुल्क कसरी हुन्छ ? आमजनताका लागि आज मुलुकमा मूलको पानी त नि:शुल्क पाउन सम्भव रहेन । धारामा आएको पानीको मात्र होइन, नआएको पानीको पनि शुल्क तिर्नुपर्छ पानी अड्डामा ।

यो यस्तो स्थितिमा पनि गरिब, असहायको हितमा समर्पित महानगरको नियत र प्रयत्नलाई धन्यवाद छ । यहाँनिर एउटा गाँठो भने बडो खतरनाक छ, क्यान्सरजस्तै । गाँठो के हो भने, हाम्रो मुलुकमा गरिबभन्दा पनि गरिब, तन्नम, दरिद्र बिचरा राजनेताहरु छन् । ती अशक्त बूढासमेत पनि छन् । त्यस्तै बिचरा हाकिमहरु छन् । भूमाफिया, शिक्षा माफिया, स्वास्थ्य माफिया र बिचौलियाहरु सबै तन्नम गरिब छन् । दरिद्र छन् । जताततै पहुँच तिनैको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बैंकहरूको पूँजीकोषमा सुधार, ३ बैंकले लाभांश बाँड्न नपाउने

काठमाडौं/वाणिज्य बैंकहरूको प्राथमिक पूँजीकोषमा सामान्य सुधार भए पनि केही बैंकहरू भने अझै समस्यामा छन् । कर्जा असुलीमा समस्या भएपछि प्राथमिक पूँजीकोषको अभावमा केही बैंकहरू कर्जा नै दिन नसक्ने अवस्थामा पुगेका थिए ।


तर, अपेक्षित रुपमा कर्जा विस्तार हुन नसक्नु र तथा नेपाल राष्ट्र बैंकले दिएको कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरणको सुविधा दिएसँगै बैंकहरूको पूँजीकोषको दबाबबाट केही राहत महसुस गरेका थिए । साथै, बैंकहरूले कर्जा विस्तार भन्दा पनि असुलीमा ध्यान केन्द्रित गरेकाले पनि प्राथमिक पूँजीकोषमा सुधार देखिन लागेको हो । बैंकले मूलत: निक्षेप लिएर कर्जा प्रवाह गर्ने हो । तर, बैंकहरूले कर्जा प्रवाह गर्दा सबै रकम निक्षेपबाट मात्रै दिन मिल्दैन । केही प्रतिशत रकम भने आफ्नो पूँजी (इक्विटी) बाट पनि हाल्नुपर्छ ।

नेपाल राष्ट्र बैंकले जोखिम समेतको आधारमा कर्जाको फरक फरक जोखिम भार निर्धारण हुने गर्छ । उक्त कर्जा लगानीबाट बैंकहरूले लिएको जोखिमको आधारमा कुल जोखिम भारित सम्पत्ती निकाल्ने गरिन्छ । उक्त जोखिम भारित सम्पत्तिको न्यूनतम ८.५ प्रतिशत प्राथमिक पूँजी (इक्वीटी) कायम गर्नुपर्ने व्यवस्था छ । पूँजी पर्याप्तता फ्रेमवर्क २०१५ अनुसार उक्त जोखिम भारित सम्पत्तिको न्यूनतम ८.५ प्रतिशत बैंकहरूले आफ्नो इक्विटीबाट र थप २.५ प्रतिशत पूरक पूँजीबाट पुऱ्याउनुपर्ने हुन्छ ।

प्राथमिक पूँजीकोषमा चुक्ता पूँजी, वैधानिक जगेडा कोष, सञ्चित नाफा, चालु आवको अपरिस्कृत वित्तीय विवरणको नाफा र डिबेन्चर रिडेम्सन रिजर्भलाई प्राथमिक पूँजीकोषमा गणना गर्न सकिने व्यवस्था छ । त्यस्तै पूरक पूँजीको रुपमा ऋणपत्र, साधारण कर्जा नोक्सानी व्यवस्थाको रकम, विदेशी विनिमयको जोखिम रिजर्भ, लगानी समायोजन रिजर्भ लगायतका कोषहरू रकम हुन्छ ।

सोही आधारमा बैंकहरूको जोखिम भारित सम्पत्तिको ६.५ प्रतिशत क्यापिटल कन्जरभेसन बफर सहित प्राथमिक पूँजीबाट ८.५ प्रतिशत र पूरक पूँजीबाट २.५ प्रतिशत गरी न्यूनतम ११ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ ।

चालु आर्थिक वर्षको असार मसान्तमा 'काउन्टर साइक्लिकल बफर' समेत कार्यान्वयनमा ल्याएको छ । जस अनुसार आगामी असार मसान्तसम्म थप ०.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने भएको छ । अर्थात असार मसान्तमा बैंकहरुले प्राथमिक पूँजीकोष नै कम्तीमा ९ प्रतिशत कायम गर्नुपर्ने हुन्छ ।




चालु आवको दोस्रो त्रैमासमा एनआईसी एसिया, कुमारी र प्रभु बैंकको प्राथमिक पूँजीकोष राष्ट्र बैंकले तोकेको न्यूनतम सीमाभन्दा तल आएको थियो । पुस मसान्तमा कुमारी बैंकको ८.०३ प्रतिशत, एनआईसी एसिया बैंकको ८.०४ प्रतिशत र प्रभु बैंकको ८.१२ प्रतिशत पूँजीकोष रहेको थियो । यी तीन बैंकले आगामी आर्थिक वर्षमा लाभांश वितरण गर्न पाउने छैनन् ।

चैत मसान्तमा आउँदा प्रभु बैंकले भने राष्ट्र बैंकले तोकेको न्यूनतम सीमा ८.५ प्रतिशतभन्दा माथि पुगेको छ । पुस मसान्तमा ८.०३ प्रतिशत रहेको कुमारी बैंकको चैतमा पनि प्राथमिक पूँजीकोष ८.०३ प्रतिशत नै रहेको छ ।

यस्तै पुस मसान्तमा ८.०४ प्रतिशत रहेको एनआईसी एसिया बैंकको प्राथमिक पूँजीकोष पनि चैत मसान्तमा ८.२५ प्रतिशत रहेको छ । आगामी असार मसान्तमा ९ प्रतिशत प्राथमिक पूँजीकोष पुऱ्याउन एनआईसी एसिया बैंक र कुमारी बैंक दुवैलाई समस्या देखिन्छ ।

चैत मसान्तमा ९ प्रतिशतभन्दा कम पूँजीकोष हुने बैंकमा हिमालयन, माछापुच्छ्रे बैंक छन् । असार मसान्तमा ९ प्रतिशत पूँजीकोष पुऱ्याउन सकेमा राष्ट्र बैंकले लाभांश वितरणमा रोक लगाउने जस्ता कारबाहीबाट बच्न नसक्ने अवस्था छ ।

### पूँजीकोष नपुग्दा के हुन्छ ?

बैंक वा वित्तीय संस्थाले आफ्नो कुल सम्पत्ति वा कुल जोखिम भारित सम्पत्तिको आधारमा राष्ट्र बैंकले तोकिदिएको अनुपातमा पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनले नै गरेको छ । राष्ट्र बैंकले त्यस्तो अनुपात तोक्दा अतिरिक्त पूँजीकोष अनुपात समेत तोक्न सक्ने व्यवस्था छ ।

पूँजीकोषमा दबाब भएका बैंकहरूलाई राष्ट्र बैंकले सूक्ष्म निगरानीमा राख्ने गरेको छ । सोही अनुसार केही बैंकलाई राष्ट्र बैंकको बैंक सुपरीवेक्षण विभागले पटक-पटक बोलाएर छलफल समेत गर्दै आएको छ ।

पूँजीकोष पर्याप्त नभएका बैंक तथा वित्तीय संस्थाहरुको व्यावसायिक अवस्थाबारे जानकारी लिन राष्ट्र बैंकले आवश्यक ठानेमा मूल्यांकन लेखापरीक्षण गराउन सक्ने व्यवस्था केन्द्रीय बैंकले बैंकहरूका लागि जारी गरेको एकीकृत निर्देशनमा छ ।

बैंकहरूले पूँजीकोष सम्बन्धी निर्देशन पालना नगरेमा शीघ्र सुधारात्मक कारबाही सम्बन्धी विनियमावली, २०७४ बमोजिमको कारबाही गर्न सक्छ । यस्तो कारवाही भने कुल पूँजीकोष ८.५ प्रतिशतभन्दा तल आएको अवस्थामा मात्रै हुने राष्ट्र बैंक बैंक सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल बताउँछन् ।

यस्तै कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पूँजीकोष कायम गर्न नसकेको भएता पनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पूँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न नपाइने राष्ट्र बैंकले जनाएको छ ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म आउँदा कुमारी एनआईसी एसिया र प्रभु बैंकमा उक्त अवस्था देखिएको छ । कुल पूँजीकोष राष्ट्र बैंकले तोकेअनुसार पुगेपनि प्राथमिक पूँजीको तोकिएको सीमाभन्दा कम भनेमा राष्ट्र बैंकले लाभांश वितरणमा रोक लगाउने उनले बताए । अहिले ९ प्रशितभन्दा कम पूँजीकोष भएको हिमालयन र माछापुच्छ्रे बैंकले आगामी असार मसान्तमा ९ प्रतिशत पुऱ्याउन नसकेको अवस्थामा प्रभु, कुमारी र एनआईसी एसिया सँगै यी ३ बैंकले पनि लाभांश वितरण गर्न नसक्ने अवस्था आउँछ ।

आगामी असार मसान्तसम्म कर्जा रिकभरी राम्रो भएर प्रोभिजन राइटब्याक हुने तथा नउठेको ब्याज उठेर सञ्चित नाफामा पुगेको अवस्थामा पनि चालु आर्थिक वर्षको मुनाफाबाट प्रभु, कुमारी र एनआईसी एशिया बैंकहरुको खराब कर्जा बढेर प्रोभिजन बढेको छ । यसले सञ्चित नोक्सानी हुँदा पूँजीकोषमा समस्या आएकाले नाफा आर्जन गर्ने क्रम बढ्दै जाने बैंक सुपरीवेक्षण विभाग प्रमुख देवकुमार ढकाल बताउँछन् । पूँजीकोष कम भएको बैंकलाई राष्ट्र बैंकले पूँजी बढाउने कार्यायोजान माग गर्ने लगायतका नियमित प्रक्रिया भने गरि रहने उनले बताए ।

### पूँजीकोष नपुग्दा के पर्छ प्रभाव ?

राष्ट्र बैंकले तोकेको न्यूनतम प्राथमिक पूँजीकोष नपुग्दैमा लाभांश वितरणमा रोक लाग्नेभन्दा बाहेक कुनै कारबाही भइहाल्ने भने होइन । पूँजीकोष लगातार घट्दै गएर बैंक समस्यामा नै जाने अवस्थामा मात्रै राष्ट्र बैंकले शीघ्र सुधारात्मक कारबाही गर्ने गर्छ । तर, बैंकहरूले लगानीकर्तालाई प्रतिफल दिन नसक्नु तथा पूँजीमा दबाब देखिँदा बैंकप्रतिको विश्वासमा कम तथा जस्ता प्रश्न पनि उठ्ने गर्छ । नियामकीय व्यवस्था पालना गर्न बैंकहरूले अन्य मौद्रिक तथा वित्तीय औजार मार्फत पूँजी जुटाउने माध्यम पनि छ । तर, राष्ट्र बैंकले पछिल्लो समय त्यस्ता औजार मार्फत पूँजी थप गर्न रोक लगाउँदै आएको छ । यस्तो अवस्थामा बैंकहरूले कर्जा रिकभरी गर्ने तथा व्यवसाय विस्तार रोक्नुपर्ने अवस्था आउँछ ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षमा ११.५ प्रतिशतले कर्जा विस्तार गर्ने लक्ष्य लिएको थियो । तर, आर्थिक वर्षको तेस्रो त्रैमास सकिँदा कर्जा विस्तार करिब ५ प्रतिशतमा सिमित छ । गत आर्थिक वर्षमा पनि न्यून कर्जा विस्तार भएको र चालु आर्थिक वर्षमा समेत न्यून कर्जा विस्तार भएकाले अर्थतन्त्रमा शिथिलता कायम रहेको छ ।

बैंकिङ प्रणालीमा ५ खर्बभन्दा बढी लगानीयोग्य स्रोत उपलब्ध भएको र कर्जाको ब्याजदर एकल अंकतर्फ आए पनि बैंहरुसँग पूँजीकोषकै कारण थप ऋण दिन नसक्ने अवस्था छ । यस्तोमा बैंकहरूले पनि पूँजी व्यवस्थापनका औजारहरू खुला गर्नुपर्ने माग गर्दै आएका छन् ।

नबिल बैंकले ५ अर्ब रुपैयाँको बराबरको नाफा भएको वर्ष ८ प्रतिशत लाभांश वितरण गर्ने अग्राधिकार सेयर व्यक्तिगत तवरबाट बिक्री गर्ने प्रस्ताव गरेको छ । राष्ट्र बैंकको नेतृत्व पूँजी व्यवस्थापन गर्ने औजारहरू खोल्ने विषयमा सकारात्मक भए पनि कुनै निर्णय भने गरेको छैन ।

### कुन बैंकको पूँजीकोषको अवस्था कस्तो ?

प्राथमिक पूँजीकोष जुटाउन केही समस्या भए पनि बैंकहरूले ऋणपत्र जारी गरेर पूरक पूँजी भने सहज रुपमा व्यवस्थापन गर्न सक्छन् । अहिले बैंकहरूलाई कुल पूँजीकोषको भन्दा पनि प्राथमिक पूँजीकोषमा समस्या देखिएको हो ।

एनआईसी एसिया बैंकलाई प्राथमिक पूँजीकोषसँगै कुल पूँजीकोषको समेत दबाब देखिन्छ । बैंकको कुल पूँजीकोष ११.२३ प्रतिशत मात्रै छ । जुन आगामी असारमा ११.५ प्रतिशत पुऱ्याउनुपर्ने अवस्था छ । सबैभन्दा सहज अवस्थामा भने स्ट्यान्डर्ड चार्टर्ड बैंक छ । बैंकको प्राथमिक पूँजीकोष १३.९६ प्रतिशत र कुल पूँजीकोष १६.७६ प्रतिशत छ । यस्तै कृषि विकास बैंकको प्राथमिक पूँजीकोष ११.३६ प्रतिशत हुँदा प्राइम कमर्सियल बैंकको १०.५४ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको १०.४१ प्रतिशत, एभरेस्ट बैंकको १०.४६ प्रतिशत प्राथमिक पूँजीकोष छ ।

नेपाल बैंकको प्राथमिक पूँजीकोष १०.३८ प्रतिशत, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको १०.३५ प्रतिशत र नेपाल बैंकको १० प्रतिशत प्राथमिक पूँजीकोष अनुपात छ । यी बैंकलाई व्यवसाय विस्तार गर्न ठुलो चुनौती छैन । अर्थतन्त्रमा सुधार भएर कर्जा रिकभरी भई निष्क्रिय कर्जा घटेको अवस्थामा प्रोभिजन राइब्याक भएर अझै पूँजीमा योगदान पुग्छ ।

यस्तै ९ प्रतिशत भन्दा माथि १० प्रतिशतभन्दा कम पूँजीकोष अनुपात हुने बैंकमा ग्लोबल आईएमई बैंकको ९.९३ प्रतिशत, सानिमा बैंकको ९.८९ प्रतिशत, एनएमबी बैंकको ९.६८ प्रतिशत प्राथमिक पूँजीकोष रहेको छ । यी बैंकलाई पनि पूँजीकोषको ठूलो दबाब छैन । नाफा बढ्दै जाँदा व्यवसाय विस्तार गर्न सक्ने अवस्था छ । साढे ९ प्रतिशतभन्दा कम प्राथमिक पूँजीकोष भएका लक्ष्मी सनराइज बैंकको ९.४८ प्रतिशत, सिद्धार्थ बैंकको ९.२३ प्रतिशत, सिटिजन्स बैंकको ९.१५ प्रतिशत र नबिल बैंकको ९.१ प्रतिशत प्राथमिक पूँजीकोष रहेको छ । यी बैंकलाई भने व्यवसाय विस्तार गर्ने भन्दा पनि संयमित भएर अगाडि बढ्नुपर्ने अवस्था छ ।

*(स्रोत: अनलाइनखबर)*

# वेष्टइण्डिज सिरिजमा एक्लै लडिरहेका ब्याटर

काठमाडौं/वेष्ट इण्डिज एविरुद्ध सुरुवाती चार खेल सकिँदा नेपाल ३ खेलमा पराजित भएको छ । पहिलो खेलमा ४ विकेटले विजयी भएपनि त्यसपछि क्रमश: १० रन, ७६ रन र २८ रनले पराजित हुँदै एक खेल अगावै सिरिज गुमाउन पुग्यो ।

कप्तान रोहित पौडेलले ३ खेलमा १ शतक र २ अर्धशतक सहित २६५ रन बनाएका छन् । तर वेष्ट इण्डिजविरुद्ध खेलेका अरु १९ नेपाली खेलाडीले सिरिजमा ६० रन पनि कटाउन सकेका छैनन् ।

चार खेलमा नेपालले कुल २० खेलाडीलाई मौका दिएको छ । रोहितले दमदार प्रदर्शन गर्दा अन्य खेलाडीको प्रदर्शन बिर्सनलायक छ । रोहित बाहेक पूरा सिरिजमा नेपालबाट ५० रन कटाउने दुई खेलाडी मात्रै छन् ।

गुल्शन झाले ४ खेलमा ६० रन, दीपेन्द्रसिंह ऐरीले ४ खेलमा ५३, लोकेश बमले २ खेलमा ४५, कुशल मल्लले ४ खेलमा ४० रन बनाएर आउट भए । करण केसी १ खेलमा २८, अनिल साहले ३ खेलमा २०, कुशल भुर्तेलले ३ खेलमा, विनोद भण्डारी र सन्दीप जोराले १/१ खेलमा १९-१९ रनमा आउट भएका छन् ।



पहिलो खेलमा वेष्टइण्डिज ए ले दिएको २०५ रनको लक्ष्य १९.४ ओभरमा ६ विकेट गुमाउँदै पूरा गर्न रोहितले ११२ रनको शतकीय इनिङ खेलेका थिए । बाँकी ७ खेलाडी अनिल साह ५, दीपेन्द्र २४, विवेक यादव ७, प्रतिश जिसी ५, गुल्शन ९, कुशल भुर्तेल र कुशल मल्ल १९-१९ रन गरी ८२ रन बनाएका थिए ।

दोस्रो खेलमा १६१ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ९ विकेट गुमाउँदै १५० रनमात्र बनाउन सक्यो । रोहितले ७१ रन बनाउँदा त्यस दिन ब्याटिङ गरेका बाँकी १० खेलाडी लोकेश १७, कुशल भुर्तेल २, अनिल साह १, आरिफ शेख १२, आकाश चन्द ८, गुलशन झा २६, दीपेन्द्र र सोमपाल ३-३ तथा कुशल मल्ल र सागर ढकाल शून्य गरी कुल ७१ रन बनाएका थिए ।

तेस्रो खेलमा रोहितलाई विश्राम दिँदै नेपालले दीपेन्द्रको कप्तानीमा खेलेको थियो । उक्त खेलमा २२८ रनको लक्ष्य पछ्याएको नेपाल १९.२ ओभरमा १५१ रनमा अल आउट हुन पुगेको थियो ।

बिहीबार भएको चौथो खेलमा २१० रनको लक्ष्य पछ्याएको नेपाल २० ओभरमा १८१ रनमा अल आउट भयो । रोहित पौडेलले ८२ रन बनाउँदा अन्य १० खेलाडीले कुल ८९ रन बटुलेका थिए । जसमा अभिनाश बोहरा १७, सोमपाल कामी १०, कुशल मल्ल ४, कुशल भुर्तेल १, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी र गुल्शन झाले १९-१९ रन बनाएका थिए । आसिफ शेख, प्रतिश जि.सी र ललित राजवंशी शून्यमा आउट भएका थिए ।

नेपालले पहिलो खेलमा २०६, दोस्रोमा १५०, तेस्रोमा १५१ र चौथो खेलमा १८१ गरी कुल ६८८ रन बनाएको छ । नेपालको ब्याटबाट ६४४ र अतिरिक्त ४४ रन पाएको थियो । टोलीको कुल रनमा रोहितको योगदान ४१.१४ प्रतिशत छ । रोहितले २३ चौका र १३ छक्का र अन्य ब्याटरले १५ छक्का र ३७ चौका प्रहार गरेका छन् ।

कप्तान रोहित अन्य ब्याटरले निर्णय लिन गल्ती गर्दा नतिजा नआएको बताउँछन् । 'मलाई लाग्छ अन्य ब्याटरहरु निर्णय लिन गल्तीहरु गरेका छन् । त्यसमा काम गर्न एकदमै आवश्यक छ । अलिकति धैर्य भएर काम गरे नतिजा आउँछ', उनले भने ।

रोहितले वेष्टइण्डिज एविरुद्धको खेलमा आफ्नो प्रदर्शन सन्तोषजनक भए पनि अझै सुधार आवश्यक रहेको बताए । 'मैले यो प्रतियोगिता राम्रो खेलेको छु । मेरो ब्याटबाट रन आइराखेको छ । तर मैले ठूलो इनिङ बनाउनुपर्छ', रोहितले आफ्नो प्रदर्शन बारे भने ।

दुई साताअघि ओमानमा भएको एसीसी प्रिमियर कपमा रोहितको प्रदर्शन अपेक्षा अनुसार हुन सकेन । कतारसँग १८, मलेसियासँग २८, हङकङसँग २५, साउदी अरबियासँग १६, सेमिफाइनलमा युएईसँग ५ र तेस्रो स्थानको लागि भएको खेलमा हङकङसँग २१ रनमा आउट भएका थिए । यूएईसँग १८ बल खेल्दा ५ रन जोडेका थिए ।

तर दुई सातापछि नै रोहितको प्रदर्शनमा सुधार देखिएको छ । सट छनोट पनि त्यति नै राम्रा र आर्कषक छन् । निडरताका साथ आक्रामक क्रिकेट खेल्दै आएका छन् । निर्णय राम्रो लिँदा रन बनेको रोहित बताउँछन् । 'पहिला र अहिलेमा केही फरक छैन । प्रिमियर कप सकेर आएपछि अभ्यास पनि धेरै गरेको छैन । तर निर्णय लिने काम राम्रो गरेको छु । पहिलो इनिङमा शतक आएपछि आत्मविश्वास पनि आएको छ', उनले भने ।

नेपालले बुधबार अर्को महिना अमेरिका र वेष्टइण्डिजमा हुने टी-२० विश्वकप खेल्ने १५ सदस्यीय टोली घोषणा गरेको छ । सुरुवाती तीन खेलको प्रदर्शनबाट पाँच खेलाडी बाहिर राख्दै १५ जना छनोट गरेको हो । रोहितले अहिलेको अवस्थामा यो नै नेपालको उत्कृष्ट टोली भएको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'बोक्सीको घर'को कमाई साढे ५ करोड नजिक, अब सिक्वेल बन्ने

काठमाडौं/अभिनेत्री केकी अधिकारीको निर्माण तथा अभिनय रहेको फिल्म 'बोक्सीको घर'ले घरेलु बजारमा अकल्पनीय व्यापार गरिरहेको छ । सानदार ओपनिङ गरेको फिल्मले हरेक दिन हलमा दर्शकको मेला लगाएको छ । बुधबार मजदुर दिवसको सार्वजनिक विदामा फिल्मको व्यापार गत शनिबारको भन्दा आक्रामक रह्यो । बुधबार मात्र फिल्मले देशभर १ करोड ६० लाख ग्रस व्यापार गरेको छ ।



बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा वितरकले 'बोक्सीको घर'को ६ दिन (बुधबार सम्म)को व्यापार सार्वजनिक गरेका छन् । यो अवधिमा फिल्मले ५ करोड ४५ लाखको व्यापार गरेको वितरक अशोक शर्माले जानकारी गराए । बिहीबार पनि फिल्मले ६० लाख आसपास व्यापार गर्ने उनको प्रक्षेपण छ । यसरी हेर्दा फिल्मले पहिलो हप्तामै देशभित्र ६ करोडमाथि कमाउने देखिन्छ ।

पहिलो सप्ताहमै फिल्म 'सुपरहिट' भएपछि अब यसको सिक्वेल निर्माण गरिने भएको छ । फिलमका निर्देशक तथा लेखक सुलक्षण भारतीले दोस्रो श्रृंखलाको स्क्रिप्ट लेखनको काम सकिएको जानकारी गराएका छन् । तर, त्योभन्दा अगाडि उनी अर्को एउटा फिल्म बनाउने तयारीमा छन् । सम्भवत: अर्को वर्ष सिक्वेल बन्नेछ । फिल्म सकिएको ठाउँबाट बाँकी कथा सुरु हुने सुलक्षणको भनाई छ ।

केकीलाई भने 'बोक्सीको घर'ले पाएको सफलता सपनाजस्तै लागिरहेको छ । यो फिल्मबाट कथा बलियो हुनुपर्छ भन्ने पाठ सिकेको पनि उनको भनाई छ ।

बिहीबार पत्रकारसँग उनले भनिन्, 'मलाई साँच्चै सपनाजस्तो महसुस भइरहेको छ । यो सबै हो कि होइन जस्तो लागिरहेको छ । मैले यो फिल्मबाट एउटा ठूलो पाठ के सिकेँ भने कथावस्तु बलियो भयो भने दर्शकले राम्रो साथ दिनुहुन्छ ।'

# मैले पाएको उपहार हो 'खजुरे ब्रो': रेअर राई

काठमाडौं/रंगमञ्चबाट उदाएका कलाकार हुन्, रेअर राई । दर्जनौं नाटकमा अभिनय गरिसकेका उनले 'ए मेरो हजुर ३', 'यात्रा', 'चपली हाइट २', 'गोर्खा वारियर' जस्ता फिल्ममा सहायक चरित्रमा काम गरेका छन् । तर, अक्सर मुख्य कलाकारभन्दा उनकै अभिनयको बढी वाहवाही हुन्छ । उनको 'कमिक टाइमिङ' बुलन्द मानिन्छ । अब पहिलोपटक उनी मुख्य अभिनेता भएर फिल्ममा देखिएका छन् ।




रेअरमाथि केन्द्रित भएर बनेको फिल्म 'खजुरे ब्रो' यही बैशाख २८ गतेबाट प्रदर्शन हुँदैछ । टिजर र ट्रेलर हेर्दा उनले निभाएको पात्र रोचक देखिन्छ । त्यो पात्र पैसाका लागि कहिले साबुन त कहिले १७ प्लेट म:म खान्छ । 'तेरे नाम'मा सलमान खानको जस्तो 'हेयर स्टाइल' छ । उसको बोलाई र हिडाई पनि अलग छ । यो चरित्र धरानमा कुनै समय चर्चित मानिएका 'खजुरे' पात्रबाट प्रभावित छ ।

रेअर 'खजुरे ब्रो'लाई आफूले पाएको अमूल्य उपहार मान्छन् । यतिबेला फिल्मको प्रचारका लागि मोफसल दौडाहामा रहेका उनले बुधबार चितवनमा पत्रकारसँग भने- 'मैले काम गर्दागर्दै पाएको उपहार हो यो फिल्म । भोलिका दिनमा साइड रोल र मुख्य भूमिका दुवैमा काम गरौला । त्यो भनेको भाग्यको कुरा पनि हो । यद्यपि, सबैभन्दा पहिला म कलाकार हुँ, २ मिनेटको रोल भए पनि गर्छु ।'

उनी 'खजुरे ब्रो'मा आफूले 'चीट' नगरेको दाबी गर्छन् । 'यो फिल्ममा मैले कुनै 'चीट' गरेको छैन । मैले राम्रो काम गरेकाले त्यसको प्रतिफल पनि राम्रै आउँछ भन्ने विश्वास छ,' उनले अगाडि भने, 'फिल्ममा नयाँ प्रयास गरिएको छ । इन्डस्ट्रीका लागि पनि केही होस् भन्ने सोचले जोखिम मोलर बनाएको फिल्म हो ।' यो फिल्मले आफ्नो करिअरमा एउटा दरिलो इट्टा थप्नेछ भन्ने उनलाई विश्वास छ ।

त्यस्तै, अर्का अभिनेता महेश त्रिपाठी चुनौतीपूर्ण चरित्र भएकाले आफू काम गर्न आकर्षित भएको बताउँछन् । उनी भन्छन्, 'मलाई सधैं फिल्मको चरित्रले चुनौती दिओस् र त्यसमा काम गरुँ भन्ने लाग्छ । यसमा पनि चुनौती दिने चरित्र भएकाले नै मलाई आकर्षित गरेको थियो । मेरो छवि 'इन्टेन्स एक्टर'को रुपमा बनिरहेको छ । यसमा फरकखालको आयाम देखिन्छ भन्ने विश्वास लिएको छु ।'

फिल्मको मोफसल यात्रामा रेअर र महेशका साथै अभिनेता तथा निर्माता नवीन मानन्धर, अर्का अभिनेता पुष्कर कार्की र अभिनेत्री विनिता थापा पनि सहभागी छन् । तीन दिनको मोफसल टूर सकिएपछि काठमाडौंमा फिल्मको प्रिमियर गर्ने योजनामा निर्माण टिम रहेको छ । सुरज सुनुवारको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्मबाट नीति शाहले अभिनेत्रीको रुपमा डेब्यु गरेकी छन् ।

# प्रिमियरमा 'मनसरा'को प्रशंसा

काठमाडौं/'जारी' समूहको फिल्म 'मनसरा' यही शुक्रबार अर्थात् बैशाख २१ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । बक्स अफिसमा सुखद व्यापारको प्रक्षेपण गरिएको फिल्मले प्रिमियरमा लोभलाग्दो प्रतिक्रिया पाएको छ । बुधबार साँझ ललितपुरस्थित लबिम मलको क्यूएफएक्स हलमा आयोजना गरिएको प्रिमियरमा फिल्म हेर्ने अधिकांशले प्रशंसामा शब्द खर्चिए । विशेषगरी उपेन्द्र सुब्बाको लेखन र निर्देशनको वाहवाही भएको थियो ।

निर्देशक तथा अभिनेता निश्चल बस्नेतले 'मनसरा'बाट निर्देशक सुब्बाले एकपटक फेरि फिल्ममा साहित्य जरुरी छ भन्ने प्रमाणित गरेको बताए । 'जारी'कै स्तरमा फिल्म बनेको उनको दाबी थियो । 'उपेन्द्र दाईको 'जारी' हेर्दा नै उहाँको पहिलो फिल्म हो जस्तो लागेको थिएन । यो पनि त्यही लेभलमा छ,' उनले भने- 'आम जीवनभित्र घट्ने स-सानो कुरालाई कसरी एकठाउँमा ल्याएर कथा भन्नुपर्छ भन्ने राम्रो ज्ञान उपेन्द्र दाईलाई छ । 'मनसरा' हेर्दा पनि मलाई त्यो लाग्यो । फिल्म हेर्दा मज्जा आयो ।'

यस्तै, अभिनेता तथा लेखक खगेन्द्र लामिछानेले फिल्म राम्रो बनेको प्रतिक्रिया दिए । भूइँमान्छेहरु कस्तो परिस्थितिहरुसँग जुधेका हुन्छन् र कसरी उम्किन्छन् भन्ने कुरालाई फिल्मले सुन्दर ढंगले पस्किएको उनको भनाई थियो । निर्देशक तथा निर्माता अशोक शर्माले फिल्म अर्गानिक रहेको दाबी गरे ।

अर्का निर्देशक प्रदीप भट्टराईले नेपालमा फरक-फरक खालका फिल्म बन्नुपर्ने धारणा व्यक्त गर्दै 'मनसरा'लाई एउटा बगैंचामा फूलेको धेरैथरी फूलको संज्ञा दिए । 'फिल्म इन्डस्ट्री भनेको बगैंचा जस्तो हो । त्यहाँ एकथरी मात्र फूल फुल्यो भने त कामै भएन । थरीथरीका फूल फुल्नुपर्छ । हामी त एउटा-एउटा खालको फूल फुलाउँछौं, उपेन्द्र दाईले त एउटै बगैंचामा धेरैथरी फूल लिएर आउनुहुन्छ । 'जारी'मा एक-दुईथरी फूल फुलाउनुभएको थियो, यसपालि सिंगो बगैंचा लिएर आउनुभएको छ,' प्रदीपले भने ।

अभिनेत्री सुरक्षा पन्त त निर्देशक सुब्बालाई नेपाली फिल्म क्षेत्रले पाएको आशीर्वाद मानिन्छन् । अक्सर आम मानिसले प्रश्न गरिरहने प्रेम सम्बन्धलाई 'मनसरा'मा सरल र काव्यिक शैलीमा प्रस्तुत गरिएको उनको तर्क थियो । फिल्ममा विशेष भूमिकामा अभिनय गरेका गायक सत्यराज आचार्यले धेरैपछि उत्कृष्ट फिल्म बनेको दाबी गरे । फिल्मले अब्बल किसिमको कथा भनेको उनको भनाई थियो ।

प्रिमियरमा राम्रो प्रतिक्रिया प्राप्त हुँदा निर्देशक, निर्माता र कलाकारको अनुहारमा खुसीको भाव देखिएको थियो । फिल्मका मुख्य अभिनेता प्रवीण खतिवडाले प्रिमियरको प्रतिक्रियाले उत्साहित बनाएको भए पनि अब दर्शकको प्रतिक्रियाको पखाई रहेको बताए । अभिनेत्री मिरुना मगरले भने 'मनसरा'बाट आफूले धेरै कुरा सिक्न र बुझ्न पाएको अनुभव सुनाएकी थिइन् । अर्की अभिनेत्री मेनुका प्रधानले फिल्मको कथा अगाडि बढ्दै जाँदा आफू भावुक भएको प्रतिक्रिया दिइन् । फिल्मको बिहीबार विराटनगरमा पनि प्रिमियर राखिएको छ ।

फिल्ममा दयाहाङ राईको पनि अभिनय छ । उनी फिल्म 'डिग्री माइला'को प्रदर्शनका लागि हङकङमा भएकाले प्रिमियरमा उपस्थित हुन सकेका थिएनन् ।

*(स्रोत: फिल्मीखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# न्याय सम्पादनमा प्रभावकारी बन्दै न्यायिक समिति

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ गतवर्ष २०७९/८० मा १२७ उजुरी मिलापत्र गराएको हेटौंडा उपमहानगर पालिकाको न्यायिक समितिमा चालू आव २०८०/८१ को चैतभित्र दुई वटा नयाँ उजुरी परेका छन् ।

गतवर्ष नयाँ दर्ता भएका दुई सय ६१ र पुरानो सरेर आएका चार गरी दुई सय ६५ उजुरीमध्ये एक सय २७ उजुरीको मिलापत्र गराइएको समितिले जनाएको छ । उक्त आवमा २५ वटा उजुरी अदालत जान सुझाइएको र पाँचजना विपक्षी अदालत गएका छन् । न्यायिक समितिमा आउने उजुरीमध्ये करिब ८० प्रतिशत उजुरी जग्गा विवाद, लेनदेन, मानाचामल, ज्याला-मजदुरी सम्बन्धी रहेको छ ।




उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा गठित समितिले सानातिना विवाद मेलमिलापका माध्यमबाट समाधान गर्न थालेपछि स-साना मुद्दामा अदालत नै पुग्नुपर्ने अवसथामा कमी आएको छ । स्थानीय तहका विवाद स्थानीय तहमै मेलमिलापका माध्यमबाट समाधान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको छ । उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा गठित न्यायिक समितिलाई मानाचामल, सम्बन्धविच्छेद, जग्गा विवाद, घर भाडासम्बन्धी, गाईभैंसीले बालीनाली नोक्सानी गरेकोलगायतका विवाद मेलमिलापमार्फत् समाधान गर्ने जिम्मेवारी दिइएको छ ।

उपमहानगरपालिकाको न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रका मुद्दा मामिलालाई मेलमिलापको सिद्धान्तमा निर्णय गर्दा प्रभावकारी बनेको स्थानीयले बताएका छन् । न्यायिक समितिमा धेरैजसो उजुरी जग्गा विवाद, घर निर्माण, लेनदेन, बालीनाली नोक्सानी, घरभाडा, ज्याला-मजदुरी सम्बन्धमा आउने गरेको हेटौंडा उपमहानगरपालिकाको न्यायिक समितिका अभिलेख प्रशासक सुजन तिमिल्सिनाले जानकारी दिए । न्यायिक समितिमा आउने उजुरीलाई स्थानीय जनप्रतिनिधिकै सक्रियतामा सम्बन्धित पक्षबीच मेलमिलाप गराउने काम गरिरहेको तिमल्सिनाले बताए ।

उनका अनुसार उपमहानगरको न्यायिक समितिमा आर्थिक वर्ष २०८०/८१ मा दुईवटा नयाँ उजुरी दर्ता भएको छ । सो अवधिमा न्यायिक समितिले नयाँ दर्ता भएको र पुरानो गरी एक सय पाँचवटा मुद्दा फर्छ्यौट गरेको उनको भनाइ छ । उपमहानगरपालिकामा गत आव २०७४/७५ देखि नै न्यायिक समिति गठन भएर कार्य गर्दै आएको छ । उपमहानगरको न्यायिक समितिमा आव २०७४/७५ देखि हालसम्म एक हजार सातवटा उजुरी दर्ता भएका छन् । दर्ता भएकामध्ये ६ सय उजुरीको छिनोफानो भइरहेको न्यायिक समितिले जनाएको छ । बाँकी उजुरीमा समेत न्यायिक समितिमा छलफल भइरहेको तिमिल्सिनाले बताए ।

'अहिले हाम्रो न्यायिक समितिमा धेरै प्रकारका उजुरी आउने गरेको छ', हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक बानियाँले भने, 'तीमध्ये हामीलाई कानुनले तोकिदिएको सूचीका आधारमा उजुरी लिने गरेका छौं ।,' दर्ता भएका उजुरीको अध्ययन गरी सम्बन्धित पक्षबिच मेलमिलाप गराई निर्णय गर्ने गरेको उनको कथन छ । स्थानीय सरकारको ऐनमा भएका यस्ता मुद्दा जनप्रतिनिधिले हेर्दा उचित हुन्छ भनेर पालिकामा न्यायिक समितिको व्यवस्था गरिएको अधिवक्ता प्रमोद चौधरीले बताए ।

मेलमिलाप गराउँदै समाजका विवाद अन्त्य गर्ने मुख्य लक्ष्यका साथ गठन गरिएको न्यायिक समितिले इजलाससँगै मेलमिलाप कक्षसमेत निर्माण गरेको छ । न्यायिक समितिको प्रभावकारिता बढेसँगै सानो विवादमा पनि अदालत नै जाने प्रवृतिमा विस्तारै कमी आउन थालेको हेटौंडा उपमहानगर पालिकाका प्रमुख मिनाकुमारी लामाले बताइन् । 'न्यायिक समिति सक्रिय भएर विवाद समाधान गर्न थालेपछि सामान्य विवादमा अदालत नै धाउनुपर्ने बाध्यता अन्त्य भएको छ ।', लामाले भनिन् । स्थानीय विवाद समाधानका लागि न्यायिक समितिको भूमिका अत्यन्तै महत्वपूर्ण देखिएको उनको भनाई छ ।

# घरमै सेवा पुऱ्याउन स्वंयमसेविकालाई साइकल

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ चौघडामा रहेको हेटौंडा स्वास्थ्य चौकीले घरमै पुगेर सेवा दिने योजना बनाएको छ ।

बिहीबारदेखि जनता स्वास्थ्य घरदैलो अभियान सुरु गरिएको स्वास्थ्य चौकीले जनाएको छ । स्वास्थ्य स्वंयमसेविकालाई साइकल प्रदान गर्दै घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने योजना प्रस्तुत गरिएको हो । अभियानको हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँले उद्घाटन गरेका छन् । नगरबासीको स्वास्थ्यमा नगरपालिका सदैव सचेत रहेको र स्वास्थ्य बीमा कार्यक्रमलाई लक्षित वर्गको लागि उपयोग गर्ने उनको भनाई छ ।



हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालको अध्यक्षतमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख सूर्यप्रसाद तिवारी, हेटौंडा-६ का वडा सदस्य विजय पौडेल, लेखराज ढकाल, वडा सचिव आमोदप्रसाद मैनाली, समाजसेवी कृष्णप्रसाद सञ्जेललगायतले घरदैलो स्वास्थ्य अभियानको शुभकामना व्यक्त गरे । वडाका सक्रिय महिला स्वास्थ्य स्वंयमसेविका कल्पना पराजुली, शोभा श्रेष्ठ, प्रिया ढुंगाना र रमा राईलाई घरघरमा स्वास्थ्य सेवा गर्न साईकल प्रदान गरिएको स्वास्थ्य चौकी ईन्चार्ज टीएन ढुङ्गेलले बताए ।

# जरुवाटोलमा स्ल्याब ढलानको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडा उपमहानगरपालिका-१ जरुवाटोलमा स्ल्याब ढलानको शिलान्यास गरिएको छ । बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिचाई मन्त्री एकालाल श्रेष्ठले बिहीवार स्ल्याब ढलानको शिलान्यास गरेका छन् ।



प्रदेश सरकारअन्तर्गतको शहरी विकास तथा भवन कार्यालयको २५ लाख बजेट र स्ल्याब ढलान निर्माण उपभोक्ता समितिको २ लाख ६७ हजार रकमबाट स्लाब ढलानको निर्माण कार्य सुरु गरिएको हो । मन्त्री श्रेष्ठले तरकारी बजारलाई लक्षित गरेर स्ल्याब ढलानको लागि बजेट बिनियोजन गरेको बताए । हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडा सुगम र दुर्गम दुबै क्षेत्र रहेको बताउँदै मन्त्री श्रेष्ठले भौगौलिक रुपमा विकट क्षेत्रलाई प्राथमिकतामा राखेर खानेपानी, सिचाई, सडकमा सरकारले आवश्यक बजेट छुट्याउने प्रतिबद्धता व्यक्त गरे ।

१ नम्बर वडाको स्थायी बासिन्दा र आफ्नो निर्वाचन क्षेत्र समेत रहेकोले वडाको समग्र विकासमा सबै मन्त्रालयमा योजना र बजेटमा पहल गरिने समेत उनले बताए । मन्त्री श्रेष्ठले निर्धारित समयभित्र निर्माण कार्य सक्न पनि उपभोक्ता समितिलाई निर्देशन दिएको छ । उपभोक्ता समितिका अध्यक्ष गोविन्द दाहालले २ सय ४४ मिटर लम्बाई रहेको स्ल्याबको चौडाई ६ मिटर र मोटाई ८ इञ्च रहेको बताए ।

# बालबालिकालाई शैक्षिक सामग्री वितरण





साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ विश्व मजदुर दिवसको अवसरमा युनिकम नेपालले बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको छ ।

हेटौंडा-५ मा अवस्थित 'हाम्रो घर बाल गृह' संस्थामा आश्रित बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको हो ।

बालगृहमा ३० जना बालबालिका आश्रित छन् । उनीहरुलाई कापी कलम लगायत अन्य सामग्रीहरु प्रदान गरिएको छ । युनिकम नेपालका जिल्ला अध्यक्ष लेखनाथ गैरेको नेतृत्वमा पुगेको युनिकम परिवारले बालबालिकालाई पठनपाठनमा सहज पुगोस् भनी शैक्षिक सामग्री वितरण गरिएको जनाइएको छ ।

गैरेको अध्यक्षतामा भएको कार्यक्रममा बाल गृहका अध्यक्ष इन्दिरा डल्लाकोटीलाई उक्त शैक्षिक सामाग्री हस्तान्तरण गरिएको थियो । व्यापार क्षेत्रमा कार्यरत मजदुरहरुको साझा संस्थाको रुपमा रहेको युनिकम नेपालले विभिन्न सामाजिक कार्य गर्दै आइरहेको छ ।

व्यक्तिबाट संकलित रकमले शैक्षिक सामग्री खरिद गरी हस्तान्तरण गरिएको अध्यक्ष गैरेले बताए । कार्यक्रममा युनिकम नेपालका सल्लाहकार विनय अधिकारी र योगेन्द्रमान श्रेष्ठ, अर्गनाइजर रमेश तिमल्सिनालगायत पदाधिकारीहरुको सहभागिता थियो ।

# सूचना प्रविधि दिवसको अबसरमा सचेतना कार्यक्रम


साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ हेटौंडा उपमहानगरपालिका-५, स्थित बालज्योति माध्यमिक विद्यालयमा सूचना प्रविधि सम्बन्धी सचेतना कार्यक्रम आयोजना गरिएको छ ।

क्यान महासंघ जिल्ला शाखा मकवानपुरको आयोजनामा सचेतना अभिवृद्धि कार्यक्रम गरेर सूचना प्रविधि दिवस मनाइएको हो । कम्प्युटर एसोसियसन महासंघ नेपाल, मकवानपुर शाखा अध्यक्ष शिवकुमार श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका मेयर मिनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा प्रमुख अतिथि रहेकी लामाले नेपालमा बसेर प्रविधिमैत्रीसँग जुधेर देशलाई समृद्धितर्फ अगाडि बढाउन क्यान महासंघको काँधमा जिम्मेवारी रहेकोमा जोड दिइन् ।

वर्तमान सुचना प्रविधि एवं सामाजिक सञ्जाल मार्फत भईरहेका अपराध, यसका असर एवं समाधान उपायहरुको चर्चा डिजिटल प्रविधि मार्फत विद्यार्थीलाई जानकारी गराएको क्यान महासंघ मकवापनुरका अध्यक्ष शिवकुमार श्रेष्ठले बताए । कार्यक्रममा हेटौंडा-५ का वडा सदस्य रञ्जिता सिलवाल, क्यान महासंघ नेपालका सचिव भूपाल दास, क्यान महासंघ बागमती प्रदेशका अध्यक्ष पुष्पराज पुडासैनी, बालज्योति माविका प्रधानाध्यापक भरत अर्याल, विद्यालयका अध्यक्ष रविन्द्रनाथ पोखरेललगायतको आतिथ्यता थियो ।

# समस्याग्रस्त सहकारी व्यवस्थापन समिति अध्यक्षमा श्रीमणकुमार गौतम




काठमाडौं, २० वैशाख/ सरकारले समस्याग्रस्त सहकारी व्यवसथापन समिति अध्यक्षमा उच्च अदालतका पूर्वन्यायाधीश श्रीमणकुमार गौतमलाई नियुक्त गरेको छ । २२ चैतमा समितिका ततकालीन अध्यक्ष काशीराज दाहालको कार्यकाल सकिएसँगै रिक्त भएकको समितिको अध्यक्षमा गौतम नियुक्त भएका हुन् ।


सोही मितिबाट समितिका दुई जना पदाधिकारी केशवराज आचार्य र डीबी बस्नेतको समेत कार्याकाल सकिएको थियो । २ वर्षको कार्यकाल पुरा गरि दाहाल बाहिरि एपछि रिक्त रहेको अध्यक्षमा नयाँ अध्यक्ष आएपनि रिक्त २ पदाधिकारी भने नियुक्त हुन बाँकी छ ।

सहकारी ऐन २०७४ मा समस्याग्रस्त सहकारीको सम्पत्ति खोजबिन तथा दायित्व फरफारकका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । ऐनको व्यवस्थाअनुसार संघीय सरकारले २९ पुस २०७४ मा 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' गठन गरेको थियो ।

सहकारी ऐनको दफा १०५ मा समस्याग्रस्त सहकारी संस्था वा संघको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीसम्बन्धी काम गर्न व्यवस्थापन समिति गठन गर्न सकिने व्यवस्था छ । उच्च अदालतका न्यायाधीश वा सो सरह योग्यता भएको व्यक्ति अध्यक्ष रहने समितिमा निजामतिमा ११औं तहमा काम गरि सकेको व्यक्ति एक जना, बैंक तथा वित्तीय संस्थामा नवौं तहमा काम गरेको वा चार्टर्ड एकाउन्टेन्ट एक जना, राष्ट्रिय सहकारी महासंघले तोकेको एकजना सदस्य, सहकारी विज्ञबाट दुई जना र राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारी सदस्य सचिव रहने कानुनी प्रावधान छ ।

*(स्रोत: अनलाइनखबर)*

# डढेलोले थाहाको वडा कार्यालयमा क्षति



साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ मकवानपुरको उत्तरी क्षेत्र थाहा नगर पालिकामा लागेको डढेलो नियन्त्रणमा आएको छ ।

डढेलो सल्किँदै जाँदा थाहा नगरपालिका-७ को वडा कार्यालयमा समेत सामान्य क्षति पुऱ्याएको थियो ।

डढेलो स्थानीय र नगर पालिकाको वारुण यन्त्रको मद्दतमा नियन्त्रणमा ल्याइएको हो । समयमै आगलागी नियन्त्रण हुँदा वडा कार्यालय र नजिकै रहेको कुटेश्वरी आधारभूत विद्यालय ठूलो क्षति हुनबाट जोगिएको छ ।

# अस्पतालमा रिफिल काउन्टर सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडा अस्पतालमा रिफिल-रिफर काउन्टर सेवा सुरु भएको छ । अस्पतालले सुचना जारी गर्दै कोठा नम्बर २३ बाट रिफिल काउन्टर सुरु गरेको जानकारी दिएको हो ।

रिफिल काउन्टरबाट आफुले नियमित रुपमा सेवन गरिरहेको औँषधि सकिएमा थप गर्न तथा हेटौंडा अस्पतालमा नभएको सेवा लिनका लागि रिफर लिन सकिने अस्पतालले जनाएको छ । यससँगै रिफर लिनकै लागि सामान्य ओपिडिमा घण्टौँ लाईन बस्नुपर्ने समस्या समाधान हुनेमा अस्पताल प्रशासनले आशा लिएको छ ।

यो सेवा लिनका लागि हेटौंडा अस्पतालमा आएका बिरामीहरुले कोठा नम्बर २३ का लागि रिफिल काउन्टर ओपिडी वा रिफरल ओपिडीको टिकट काट्नुपर्ने बताइएको छ ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat
हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना